# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, पुस १ गते २०४४ साल (अतिरिक्ताङ्क ४३ + (क)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उपनियम (१) बमोजिम राष्ट्रऋण उठाउन यो राष्ट्रिय बचतपत्र निष्काशन गरेको छ ।

यो राष्ट्रिय बचतपत्रको नाम, जम्मा मूल्य, भुक्तानी अवधि, व्याज दर, व्याज भुक्तानी दिने समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. बचतपत्रको नामः यो बचतपत्रको नाम "राष्ट्रिय बचतपत्र २०५९ क. (न.अ.)" रहेको छ ।

२. बचतपत्रको रकमः यो बचतपत्रको जम्मा रकम रू. ६७,७५,६००।– (रू. सतसठ्ठी लाख पचहत्तर हजार छ सय मात्र) हुनेछ ।

३. बचतपत्रको व्ययभारः यो बचतपत्रको व्ययभार श्री ५ को सरकारको सञ्चित कोष प्रति हुनेछ ।

४. बचतपत्रको प्रकारः यो बचतपत्र कम्तीमा रू. १००।– र बढीमा १०० ले भाग गर्दा निःशेष हुने वाणिज्य बैंकबाट प्राप्त प्रमाणित बिवरण अनुसारको रकम अनुदान प्राप्त गर्ने नेपाल फुड प्रोडक्शनको नाममा निष्काशित रकममा नबढाई निष्काशन गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C 29

५. बिक्री अवधिः यो बचतपत्रको बिक्री अवधि मिति २०४४ पौष २ गते एक दिन मात्र हुनेछ ।

६. बिक्री मूल्यः बचतपत्रमा उल्लेख गरेबमोजिम पूरापूर मूल्य (Face Value) मा निष्काशन गरिनेछ ।

७. बचतपत्रको लागि दरखास्त दिनु पर्नेः

(क) यो बचतपत्र खरिद गर्न नेपाल राष्ट्र बैङ्कले तोकिदिएको ढाँचामा दरखास्त पेश गर्नु पर्दछ ।

(ख) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

८. स्वीकृत रकमको प्रमाणपत्र दिनेः स्वीकृत भएको बचतपत्रको प्रमाणपत्र, सम्बन्धित फर्मको नाममा स्टकको रूपमा मात्र दिइनेछ ।

९. बचतपत्रको व्याजः बचतपत्रको व्याज नेपाल राष्ट्र बैङ्क वा सो बैङ्कको एजेन्ट सरह भै काम गर्ने वाणिज्य बैंङ्कहरू र बैंकिङ कारोवार गर्ने कृषि विकास बैङ्कका कार्यालयहरूमार्फत मिति २०४४।९।२ देखि वार्षिक १३ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा दिइनेछ ।

१०. बचतपत्रको साँवा भुक्तानीः यो बचतपत्रको साँवा भुक्तानी २०५९ साल पौष ३ गतेदेखि दिइनेछ ।

११. बचतपत्रको भुक्तानी दिने ठाउँः यो बचतपत्रको साँवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैङ्क वा वाणिज्य बैंङ्कहरू तथा बैंकिङ कारोवार गर्ने कृषि विकास बैङ्कको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ ।

१२. बचतपत्रसम्बन्धी व्यवस्थाः यो बचतपत्रको व्यवस्था र तत्सम्बन्धी सबै काम कारवाही नेपाल राष्ट्र बैङ्क राष्ट्रऋण विभागले गर्नेछ ।

१३. कर नलाग्नेः यो बचतपत्रबाट प्राप्त व्याजमा आयकर छूट दिइएको छ ।

१४. बचतपत्र खरिद गर्ने अधिकारः यो बचतपत्र खरिद गर्ने अधिकार बङ्गलादेशमा चामल निकासी गरेको प्रमाणपत्रको आधारमा निर्यातकर्ता नेपाल फुड प्रोडक्ट्स-लाई मात्र हुनेछ ।

१५. बचतपत्रसम्बन्धी कानूनी कारवाहीः यो बचतपत्रसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८९२

## सूचना २

श्री ५ को सरकारले राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उपनियम (१) बमोजिम राष्ट्रऋण उठाउन यो राष्ट्रिय बचतपत्र निष्काशन गरेको छ ।

यो राष्ट्रिय बचतपत्रको नाम, जम्मा मूल्य, भुक्तानी अवधि, व्याजदर, व्याज भुक्तानी दिने समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. बचतपत्रको नामः यो बचतपत्रको नाम "राष्ट्रिय बचतपत्र २०५९ ख. (न.अ.)" रहेको छ ।

२. बचतपत्रको रकमः यो बचतपत्रको जम्मा रकम रू. ३,५०,००,०००।– (रू. तीन करोड पचास लाख मात्र ) हुनेछ ।

३. बचतपत्रको व्ययभारः यो बचतपत्रको व्ययभार श्री ५ को सरकारको सञ्चित कोषप्रति हुनेछ ।

४. बचतपत्रको प्रकारः यो बचतपत्र कम्तीमा रू. १००।– र बढीमा रू. १००।– ले भाग गर्दा निःशेष हुने वाणिज्य बैङ्कबाट प्राप्त प्रमाणित विवरण अनुसारको रकम अनुदान प्राप्त गर्ने निर्यातकर्ताहरूको नाममा निष्काशित रकममा नबढाई निष्काशन गरिनेछ।

५. बिक्री अवधिः यो बचतपत्रको लिङ्क अवधि मिति २०४४ पौष २ गतेदेखि ऐ. १५ गतेतक वाणिज्य बैङ्कले प्रमाणित गरेका आवेदनपत्रका आधारमा तोकिएको रू. तीन करोड पचास लाख मध्ये राष्ट्रिय बचतपत्र २०५९ (न.अ.) निष्काशन गर्ने सिलसिलामा प्रकाशित भएको सूचनाको म्यादभित्र आवेदन परी राष्ट्रिय बचतपत्र प्राप्त गर्न नसकेका फर्महरूलाई वितरण गरी बाँकी हुने रकममा मात्र सम्बन्धित निर्यातकर्ताहरूको नाममा निष्काशन गरिनेछ ।

६. बिक्री मूल्यः बचतपत्रमा उल्लेख गरेबमोजिम पूरापूर मूल्य (Face Value) मा निष्काशन गरिनेछ ।

७. बचतपत्रको लागि दरखास्त दिनुपर्ने :

(क) यो बचतपत्र खरिद गर्न नेपाल राष्ट्र बैङ्कले तोकिदिएको ढाँचामा दरखास्त पेश गर्नुपर्दछ ।

(ख) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

८. स्वीकृत रकमको प्रमाणपत्र दिनेः स्वीकृत भएको बचतपत्रको प्रमाणपत्र, सम्बन्धित फर्मको नाममा स्टकको रूपमा मात्र दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. बचतपत्रको व्याजः  बचतपत्रको व्याज नेपाल राष्ट्र बैङ्क वा सो बैंकको एजेन्ट सरह भै काम गर्ने वाणिज्य बैंकहरू र बैंकिङ कारोवार गर्ने कृषि विकास बैङ्कका कार्यालयहरूमार्फत बचतपत्र निष्काशन भएको मिति अर्थात २०४४।९।१६ देखि नै वार्षिक १३ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा दिइनेछ।

१०. बचतपत्रको साँवा भुक्तानीः  यो बचतपत्रको साँवा भुक्तानी २०५९ साल पौष १६ गतेदेखि दिइनेछ।

११. बचतपत्रको भुक्तानी दिने ठाउँः  यो बचतपत्रको साँवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैङ्क वा वाणिज्य बैङ्कहरू तथा बैंकिङ कारोवार गर्ने कृषि विकास बैङ्कको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ।

१२. बचतपत्रसम्बन्धी व्यवस्थाः  यो बचतपत्रको व्यवस्था र तत्सम्बन्धी सबै काम कारवाही नेपाल राष्ट्र बैङ्क राष्ट्रऋण विभागले गर्नेछ।

१३. कर नलाग्नेः  यो बचतपत्रबाट प्राप्त व्याजमा आयकर छूट दिइएको छ।

१४. बचतपत्र खरिद गर्ने अधिकारः  यो बचतपत्रहरू खरिद गर्ने अधिकार निर्यात अनुदानको रकम पाउने निर्यातकर्ताहरूलाई मात्र हुनेछ।

१५. बचतपत्रसम्बन्धी कानूनी कारवाहीः  यो बचतपत्रसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।